बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
मार्तडी, बाजुरा
सुदूरपश्चिम, प्रदेश, नेपाल

प.सं. २०७८/०७९
च.नं.

मितिः२०७९/०३/२७

## रोजगार सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सुचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०३/२७)**

बडीमालिका नगरपालिकाको सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक १ (एक) जना पद खुल्ला प्रतिस्पर्धा माध्यायमबाट सेवा करारमा पदपुर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले१५ दिन भित्र माग बमोजिमका विवरण र तोकेको राजश्व तिरेको रसिद सहित यस बडीमालिका नगरपालिका प्रशासन, योजना तथा अनुगमन शाखामा निवेदन पेश गर्न यो सुचना प्रकाशन गरिएको छ।

| क्र स | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ००१/२०७९/०८० | रोजगार सहायक | सहायक पाँचौ तह सरह | १ (एक) जना |

**१. आवश्य न्यूनतम योग्यता र अनुभवः**

क) नेपाल सरकार बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको।

ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

ग) आधारभूत कम्प्युटर सम्बन्धी कम्तिमा ३ महिनाको तालिम लिएको प्रमाण पत्र।

**२. दरखास्त दिने स्थानः** बडीमालिका नगरपालिका प्रशासन, योजना तथा अनुगमन शाखा मार्तडी ,बाजुरा।

**३. दरखास्त दिने अन्तिम मितिः** २०७९/०४/०९ गते साँझ ५:०० बजे सम्म (सार्वजनिक विदा परेमा दोस्रो दिन)।

**४. आवेदनको दस्तुरः** रु ५०० (पाँच सय मात्र)।

**५. छनौटको किसिमः**प्रारम्भिक योग्यता क्रमको सुचि प्रकाशन र लिखित तथा प्रयोगात्मक परीक्षा।

**६. आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिम कागजातहरुको प्रतिलिपीहरु

क )नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र

ग) चारित्रिक प्रमाण पत्र

घ) कामसंग सम्बन्धित अनुभव भए सोको कागजात

ङ) तालिमको प्रमाण पत्र

च) २ प्रति पासपोर्ट साइजको फोटो।

**७. सेवा सुविधा तथा अन्यः** रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

८. आवेदनको फारम र रोजगार सहायक पदको पाठ्क्रम लगायत पदपुर्ति सम्बन्धी व्यवस्था स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड २०७८ मा उल्लेख भए बमोजिम हुनेछ। साथै थप जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको website www.pmep.gov.np र बडीमालिका नगरपालिका प्रशासन,योजना तथा अनुगमन शाखा,रोजगार सेवा केन्द्र मार्तडी,बाजुराबाट प्राप्त गर्न सकिने छ।

किरण वि.क
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत